nepalpostdaily .com

# नेपाल पोष्ट डेली

दैनिक

17°C । वर्ष :११, अंक : १७५ पृष्ठ ४ । शुक्रबार १५ फागुन २०८२ । FRIDAY, FEBRUARY 27, 2026.nepalpostdaily .com । मुल्य ५ रुपैंया


## मतदाताहरु प्रदीप यादवले बिगतमा गरेको काम सम्झिँदै : पर्सा १ मा यादवप्रतीको जनसमर्थन बढदो क्रममा



**नेपाल पोष्ट संवदाता**
**बीरगन्ज,१३ फागुन ।**

पर्सा क्षेत्र १ बाट नेकपा एमालेका उम्मेदवार प्रदीप यादवले आफनो क्षेत्रमा मतदाता भेटघाट तथा घरदैलो अभियानलाई तिब्रता दिएका छन् । घरदैलोका क्रममा स्थानीय मतदाताहरूले उत्साहपूर्वक एमाले र सूर्य चिन्हमा मतदान गरी पुर्व मन्त्री समेत रहेका उम्मेदवार यादवलाई विजयी बनाउने प्रतिबद्धता व्यक्त गरेका छन् । उम्मेदवार यादवले वीरगंज महानगरको वडाहरुमा पुगी मतदातासङ्ग प्रत्यक्ष भेट गरि आफ्नो प्रतिवद्दता सहित मत मागेका छन् । घरदैलो अभियानकै क्रममा जगरनाथपुर पुगेका उम्मेदवार यादवलाई स्थानीयवासीहरूले भव्य स्वागत गरेका छन् । स्थानीयको व्यापक सहभागितासहित गरिएको स्वागत कार्यक्रमले पर्सा १ मा एमालेप्रतिको जनसमर्थन झनै बलियो बन्दै गएको छ ।

स्थानीय विकासमा उम्मेदवार यादवको ऐतिहासिक योगदानलाई स्मरण गर्दै मतदाताहरूले उहाँप्रति दृढ विश्वास व्यक्त गरेका छन् । पर्सा बाट २ पटक सांसद र मन्त्री रहेका यादवले विपतको बेला जनताको साथमा रहने नेता हुन, पानीको हाहाकार भएको बेला तत्काल राहत हुने किसिमले डिप बोरिंग जडान,सडक,कोरोना कालमा फ्रन्टमा रहेर सहयोग गरे, विवाह भवन बनाएको योगदान आज पनि उदाहरणीय रूपमा स्मरण गरिन्छ । वीरगंज १३ का एक स्थानीयले जिल्लाको समग्र विकासमा निरन्तर योगदान पुऱ्याएका इमानदार, कर्मठ र विकासप्रेमी नेता यादवलाई पुनः जिताएर पठाउने बताए । "विकासका काम देखिने गरी गर्ने नेता र पार्टी भनेकै एमाले हो," उनले भने ।

घरदैलो अभियानका क्रममा उम्मेदवार यादवले शिक्षा, स्वास्थ्य, सडक, खानेपानी, कृषि र रोजगारीका विषयमा आफ्ना स्पष्ट योजना सार्वजनिक गरेका छन् । एमाले नेतृत्वको सरकारले देशभर ठूला पूर्वाधार, सडक सञ्जाल विस्तार, शिक्षा र स्वास्थ्य संस्थाको विकास, तथा राष्ट्रिय स्वाभिमान र सार्वभौमिकताको रक्षा गर्दै आएको उल्लेख गर्दै उनले पर्सालाई पनि समृद्धिको केन्द्र बनाउने प्रतिबद्धता जनाए । उनले पछिल्लो समय मुलुकले भोगेको विध्वंस, अस्थिरता र विकास अवरोधपछि अब दृढ नेतृत्वसहित राष्ट्र निर्माणको नयाँ चरण आवश्यक रहेको बताए । "अब नारा होइन, परिणाम चाहिएको छ । एमालेले मात्र स्थायित्व, विकास र राष्ट्रिय हितको रक्षा गर्न सक्छ," यादवले भने । स्थानीय जनउत्साह, विगतका ठोस उपलब्धि, एमालेको विकासवादी नीति र राष्ट्रियताप्रतिको स्पष्ट अडानका कारण पर्सा १ मा एमालेको जित सुनिश्चित देखिएको स्थानीयवासीहरूको विश्वास छ ।

## सर्वोच्चको आदेशपछि रुपेश पाण्डेयको उम्मेदवारी कायम, क्षेत्र नं.-३ मा एमाले उत्साहित



**नेपाल पोष्ट संवदाता**
**बीरगन्ज,१३ फागुन ।**

नेकपा (एमाले) बाट पर्सा निर्वाचन क्षेत्र नम्बर-३ का प्रतिनिधिसभा सदस्य पदका उम्मेदवार रुपेश कुमार पाण्डेयको उम्मेदवारी कायम रहने स्पष्ट भएको छ । सर्वोच्च अदालतका इजलास नम्बर-७ का न्यायाधीश मेघराज पाखरेलले पाण्डेयविरुद्ध दायर उत्प्रेषण मुद्दामा कारण देखाउ आदेश जारी गरेपछि उनको उम्मेदवारी यथावत् रहने कानुनी आधार बलियो बनेको हो । पाण्डेयविरुद्ध सोही क्षेत्रका एक उम्मेदवार छोटेलाल प्रसाद यादवले निर्वाचन आयोग, कान्तिपथ काठमाडौंलाई समेत विपक्षी बनाउँदै उम्मेदवारी खारेज गर्न माग गरी रिट दायर गरेका थिए ।

रिटमा बैंक ऋण नतिरेको विषय उठाउँदै कर्जा सूचना केन्द्रको कालोसूचीसम्बन्धी प्रसंग उल्लेख गरिएको थियो ।
यसअघि निर्वाचन आयोगले कर्जा सूचना केन्द्रबाट प्राप्त विवरणका आधारमा पाण्डेयसँग स्पष्टीकरण मागेको थियो । उजुरी परेपछि आयोगले कानुनी प्रक्रिया अघि बढाएको र सोही सन्दर्भमा विषय सर्वोच्च अदालतसम्म पुगेको बताइएको छ । अदालतबाट तत्काल उम्मेदवारी रोक्न कुनै आदेश नआएकाले पाण्डेय चुनावी मैदानमा सक्रिय रहने भएका छन् । **जनतामाझ सक्रिय पाण्डेय** उम्मेदवारी दर्तापछि नै घरदैलो, भेटघाट तथा जनसंवाद कार्यक्रमलाई तीव्र बनाएका पाण्डेय यतिबेला क्षेत्र नम्बर-३ का विभिन्न वडामा व्यस्त छन् । स्थानीय विकास, युवा रोजगारी, कृषि आधुनिकीकरण र पूर्वाधार विस्तारलाई मुख्य एजेन्डा बनाउँदै उनी मतदातामाझ पुगिरहेका छन् ।

एमाले पक्षले पाण्डेयको बढ्दो जनसमर्थन देखेर विपक्षीहरूले अनावश्यक विवाद सिर्जना गर्न खोजेको आरोप लगाएको छ । एमाले पर्साका इन्चार्ज प्रभु हजराले भने, "जनताको साथ र समर्थन देखेर आत्तिएका केही शक्तिहरू अदालतको आडमा राजनीतिक खेल खेल्न खोजिरहेका छन् । तर सत्य र जनमतको जित निश्चित छ ।"

## राष्ट्रिय स्वतन्त्र पार्टीको पटेलनगरमा कोणसभा सम्पन्न

**बीरगन्ज,१३ फागुन ।**

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले वीरगञ्ज महानगरपालिका-२० पटेलनगरमा कोणसभा सम्पन्न गरेको छ। मंगलबार साँझ पर्सा निर्वाचन क्षेत्र नं. १ अन्तर्गत पर्ने पटेलनगर चोकमा स्थानीयहरूको उल्लेख्य उपस्थितिमा कार्यक्रम सम्पन्न भएको हो ।
कार्यक्रमलाई सम्बोधन गर्दै रास्वपा पर्सा सभापति एवं क्षेत्र नं. १ का उम्मेदवार हरि पन्तले नेपाली जनता अब सचेत र जागरुक भइसकेकाले नेताहरूले जनतालाई झुक्याउन नसक्ने बताए । उनले विगत ३६ वर्षदेखि विभिन्न दलका नेताहरूले जनतालाई झुक्याउँदै आएको आरोप लगाउँदै अब जनता नझुक्किने दाबी गरे । साथै, यसपटक क्षेत्र नं. १ का मतदाताहरूले आफूलाई विजयी गराउनेमा आफू ढुक्क रहेको उनले बताए । कृष्ण पासवानको सञ्चालनमा सम्पन्न उक्त कोणसभामा जनार्दन सिंह छन ।

## गण्डक नहरको सरसफाइ कार्य तीव्र

**बीरगन्ज,१४ फागुन ।**

भारतले यस वर्ष गहुँ सिजनमा गण्डक नहरमा पानी नदिएका कारण नारायणी सिंचाइ व्यवस्थापन कार्यालय, पर्साले नहरको सरसफाइ कार्य तीव्र बनाएको छ । कार्यालयका अनुसार पश्चिमतर्फ ५ किलोमिटर र पूर्वतर्फ साढे ४ किलोमिटर नहरको सरसफाइ सम्पन्न भइसकेको छ ।
नारायणी सिंचाइ व्यवस्थापन कार्यालय बीरगन्जका प्रवक्ता इन्जिनियर सुरेश साहले बताए अनुसार, कतिपय स्थानमा माटोको तह १ मिटरभन्दा बढी जमेको हुँदा ती क्षेत्रमा विशेष ध्यान दिइएको छ । यसरी सरसफाइ गर्दा नहरमा पानीको प्रवाह सहज हुने र पूर्वी भेग रौतहटसम्म पानी नपुग्ने समस्या धेरै हदसम्म समाधान हुने विश्वास व्यक्त गरिएको छ । साहका अनुसार, भारतीय पक्षले आफ्नै भू-भागमा पर्ने करिब ९३ किलोमिटर नहर संरचनामा मर्मत र सरसफाइ कार्य तीव्र बनाएको छ । नियमित मर्मत-सफाइका कारण यस वर्ष धान बाली सिजनमा सम्झौताअनुसार ८ सय ५० क्युसेक पानी उपलब्ध गराउने सम्भावना रहेको छ । भारतीय पक्षले चैत मसान्तभित्र मर्मत कार्य सम्पन्न गर्ने जनाएको छ । नेपाल-भारतबीचको गण्डक सम्झौताअनुसार, भारतीय पक्षले प्रत्येक वर्ष धान बालीका लागि असार १५ र गहुँ बालीका लागि पुस १५ देखि नहरमा ८ सय ५० क्युसेक पानी उपलब्ध गराउनुपर्दछ । तर अघिल्ला वर्षमा नियमित रूपमा पानी नआउँदा, नेपालतर्फको अन्तिम बिन्दु रौतहटको पूर्वी क्षेत्रसम्म पानी पुग्न सक्दैन थियो । गण्डक नहर प्रणाली अन्तर्गत कुल ३७,४०० हेक्टर जमिन सिंचित छ । यसमा पर्सामा १६,०००,

बाँकी तेश्रो पृष्ठमा⇨






## जनहितमा जारी लोक कल्याणकारी सन्देश

- **जन्मदर्ता बालबालिकाको नैसर्गिक अधिकार हो ।**
- **जन्मेको ३५ दिनभित्र आफनो स्थानीय निकायमा गई दर्ता गरौं ।**
- **जन्म, मृत्यु, बसाईं-सराइ, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो ।**
- **जन्म र मृत्य दर्ताको सूचना परिवारको मुख्य ब्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको ब्यक्तिले सूचना दिन सक्छन् ।**
- **बसाइ सराइ गर्दा ब्यक्ति आफू मात्र नभई परिवार नै बसाई सरी गए परिवारको मुख्य ब्यक्तिले दर्ता गर्नु पर्छ ।**
- **विवाहको सूचना पति र पत्नी दुबैले दिनुपर्छ ।**
- **सम्बन्ध विच्छेदको सूचना अदालतको निर्णयसहित पति वा पत्नीले दिन सक्छन् ।**
- **सबैको ब्यक्तिगत घटना दर्ता गरौं, गराऔं ।**
- **सामाजिक सुरक्षा भत्ता पाईरहेका ब्यक्तिले नागरिकताका साथ सम्पर्क गरी सम्बन्धित बैंक मार्फत तोकिएको समयभित्र अनिवार्य रूपमा भत्ता बुझि लिऔं ।**

**छिपहरमाई गाँउपालिकाको कार्यालय, पर्सा**

## नेपाल पोष्ट डेलीका लागि

प्रकाशक :- नेपाल पोष्ट मिडिया प्रा.लि.
सम्पादक :- मनोज पटेल
कार्यकारी सम्पादक :- संतोष साह
सह-सम्पादक :- सरोज पटेल
सम्पर्क कार्यालय :- वीरगञ्ज महानगरपालिका पर्सा,नेपाल
मुद्रक :- कोमल प्रिन्टिङ्ग प्रेस,वीरगंज-१२,पर्सा


Email: nepalpostdaily@gmail .com
Facebook: www .facebook .com/nepalpostdaily
सम्पर्क नम्बर :- ९८४५३१८६६९,०५१-५२००४०

# सम्पादकीय

## प्राथमिकतामा कर्णाली

पूर्वाधार विकासमा कर्णाली प्रदेश अझै पनि पछि छ । यो प्रदेशलाई विकासको मूलधारमा ल्याउन धेरै काम गर्न बाँकी छ । विकासमा पछि परे पनि कर्णालीको सामाजिक, भाषिक र सांस्कृतिक महत्व भने विशिष्ट छ । पछिल्ला वर्षमा कर्णालीवासीको गाँस, बास र कपासको समस्या समाधान गर्दै शिक्षा र रोजगारीको अवसर सिर्जना गर्नुका साथै पूर्वाधारको विकासमा राज्यको ध्यान जान थालेको छ । यही फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि राजनीतिक दलहरूले कर्णालीको विकासलाई प्राथमिकतामा राखेका छन् । मुख्य गरी नेपाली कांग्रेस, नेपाल कम्युनिस्ट पार्टी (एमाले), नेपाली कम्युनिस्ट पार्टी (नेकपा), राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) र उज्यालो नेपाल पार्टीलगायतले कर्णालीको सडक पूर्वाधारको विकासलाई जोड दिएका छन् । दलहरूको यो प्रतिबद्धताले सडक पूर्वाधार, स्वास्थ्य, शिक्षा, खस सभ्यताको संरक्षण, जलस्रोतको उपयोग, सिँचाइ, जलविद्युत्, जडीबुटी तथा फलफूल उत्पादन साथै प्रशोधन र पर्यटन विकासले गति लिने अपेक्षा गरिएको छ । नेपाली कांग्रेसले भारतको जमुनाह-कोहलपुर-सुर्खेत हुँदै हिल्सा द्रुतमार्गको कामलाई प्राथमिकता दिएको छ । योसँगै राजापुर-बर्दिया-सुर्खेत-रानीघाट-दैलेख, महाबु-कालीकोट, गमगढी-नाक्चेलाग्ना सडक तथा छिन्चु जाजरकोट हुँदै डोल्पा र मोरिम्ला नाकासम्मको सडकमा पहुँच सहज विस्तार गर्ने योजना छ । सुर्खेत-कोहलपुर सुरुङमार्ग निर्माण गरी समय घटाएर आर्थिक र सेवा प्रवाहलाई सहज बनाउने, अन्तरप्रदेशीय गौरवका आयोजनामा लुम्बिनी र कर्णालीमा लुम्बिनी हुँदै दाङ, सल्यान, जाजरकोट, जुम्ला, मुगुको रारा जोड्ने पर्यटन परिक्रमा सडक बनाउने, रुकुम-सल्यान हुँदै कोहलपुर अन्तरप्रदेश सडक जोड्ने प्रतिबद्धता कांग्रेसको छ । लुम्बिनी-कर्णाली-सुदूरपश्चिम अन्तरप्रदेशीय गौरवका आयोजना अन्तर्गत दाङ-सल्यान-सुर्खेत हुँदै दिपायल जोड्ने सडक निर्माण र स्तरोन्नति गरी तीन प्रदेशको आर्थिक एकीकरणमा टेवा पुऱ्याउने कांग्रेसको दाबी छ । यसका साथै कर्णालीमा अन्तर्राष्ट्रिय अध्ययन केन्द्र स्थापना गर्ने, कर्णालीको जलस्रोतलाई उपयोग गर्दै साना तथा ठुला जलविद्युत् आयोजना बनाउने र खस सभ्यता संरक्षण गर्न विशेष सांस्कृतिक योजना लागु गर्ने कांग्रेसको योजना छ । यसै गरी नेकपा (एमाले) ले कर्णाली कोरिडोरलाई आर्थिक समृद्धिको मेरुदण्ड मार्गका रूपमा लिएर 'कोरिडोर सिटी' निर्माण गर्ने योजना अगाडि सारेको छ । भेरी बबई डाइभर्सनको पानी पथान्तरण गरी सिँचाइका साथै विद्युत् आयोजना सम्पन्न गर्ने र कर्णाली कोरिडोरमा पर्ने राजमार्गहरूलाई पाँच वर्षभित्र पूरा गर्ने दाबी पनि एमालेको छ । नेपाली कम्युनिस्ट पार्टी (नेकपा) हिमालमा भेडा, च्याङ्ग्रा, चौंरीपालन, स्याउ, ओखरलगायत जडीबुटी खेतीका लागि 'हिमाल समृद्धि कार्यक्रम' लागु गर्ने योजना बनाएको छ । कृषि औद्योगिक पार्क स्थापना गरी उत्पादन, प्रशोधन, अनुसन्धान र सिप विकास सञ्चालन गर्ने, भेरी बबई आयोजना समयमै सम्पन्न गराउने, कर्णाली प्रदेशमा एकीकृत कर्णाली सिँचाइ विशेष कार्यक्रम कार्यान्वयन गर्ने, कर्णालीलाई जडीबुटी, फलफूल इको टुरिजम हब बनाउने योजनालाई पनि सो पार्टीले समेटेको छ । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले कर्णालीका ध्यान नदिइएका नयाँ पर्यटकीय गन्तव्य स्थापित गर्ने, ब्रान्डिङ नपुगेका कर्णालीका सम्पदालाई प्रवर्धन गर्ने, सुर्खेतसहितका सहरमा चीन र भारतको रेल सञ्जालसँग जोड्ने तथा भेरी बबईलगायत गौरवका आयोजनालाई दुई वर्षभित्र सम्पन्न गराउने प्रतिबद्धता व्यक्त गरेको छ । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले कर्णालीका हिमाली क्षेत्रमा जडीबुटी तथा फलफूल प्रशोधन उद्योगमा विशेष अनुदान दिने र कर छुटको सुविधा दिने, कर्णालीको समग्र विकासका लागि अधिकारसम्पन्न विकास प्राधिकरण गठन गर्ने, ठुला तथा मझौला जलाशययुक्त बहुउद्देश्यीय विद्युत् आयोजना निर्माण गर्ने बताएको छ । यस्तै उज्यालो नेपाल पार्टीले भेरी बबई आयोजनालाई पाँच वर्षभित्र सम्पन्न गरी विद्युत् र सिँचाइ सुविधा पुऱ्याउने, एक प्रदेश एक स्मार्ट सिटी निर्माण गर्ने, कर्णाली कोरिडोर स्तरोन्नति र विस्तार गर्ने, कर्णाली नदी बेसिनमा जलमार्गको सम्भाव्यता अध्ययन गरी सम्भाव्य ठाउँमा जलयातायात सुरु गर्नेलगायत योजना समावेश गरेको छ । दलहरूले निर्वाचनका बेला सार्वजनिक गरेका यी प्रतिबद्धता निर्वाचनपछि कार्यान्वयन गर्न सहज हुने अपेक्षा गरिएको छ । विकासमा पछि परेको कर्णाली प्रदेशका सबै जिल्ला बर्सौंको प्रयासले बल्ल बल्ल राष्ट्रिय सडक सञ्जालमा जोडिएका छन् । जिल्लाभित्र सडक पूर्वाधारको विकास, स्तरोन्नति, विस्तार र पक्कीका धेरै काम गर्न बाँकी छ । कर्णालीलाई राष्ट्रिय विकासको मूलधारमा ल्याउनका सबै पक्षको साझा प्रयास आवश्यक छ । कर्णाली कोरिडोर, भेरी कोरिडोर, विमानस्थल निर्माणलगायत विषयमा राष्ट्रिय दृष्टिकोण बनाउनु पर्छ । दलहरूले कर्णालीको सडक पूर्वाधार, शिक्षा, स्वास्थ्यलाई प्राथमिकता दिएको हुँदा यसमा मात्रै दत्तचित्त भएर काम गरे प्रदेशले छिट्टै मुहार फेर्न सक्ने छ ।

# के तपाईंले नेताहरूलाई प्रश्न गर्नुभयो ?



**केशव दाहाल**

भोट माग्दै तपाईंलाई भेट्न आउने नेताहरूलाई के तपाईंले प्रश्न गर्नुभयो ? कि चुपचाप उनका कुरा सुन्नुभयो र 'हुन्छ', 'हस्' भनेर आश्वस्त पार्नुभयो ? कतै तपाईंले आफूलाई फगत नेताको आदेश मान्ने र भोट हाल्ने मेसिन मात्रै त बनाउनुभएन ? कि आफू प्रश्न गर्ने एक सार्वभौम नागरिकका रूपमा प्रस्तुत हुनुभयो र भन्नुभयो, 'तपाईंको उम्मेदवारी केका लागि ? हामीले तपाईंलाई भोट हाल्नुपर्ने कारण के छ ?' यदि तपाईंले नेतालाई प्रश्न गर्नुभयो, जवाफ माग्नुभयो र आफूलाई एक आलोचनात्मक र सार्वभौम मतदाता प्रमाणित गर्नुभयो भने धेरै नै ठीक गर्नुभयो । यसकारण ठीक गर्नुभयो कि, तपाईं राज्यको सार्वभौम हिस्सेदार बन्नुभयो । अन्यथा आफ्नै अगाडि उम्मेदवार आउँदा पनि प्रश्न नगरी बिदा गर्नुभयो भने तपाईंले आफूलाई थप शक्तिहीन र निर्बल बनाउनुभयो । र, तपाईंले एउटा अवसर गुमाउनुभयो- प्रश्न गर्ने अवसर ! आउनुहोस्, यो लेखमा प्रश्नको अर्थ, महत्त्व र गरिमामाथि केही मन्थन गरौं । सबैभन्दा पहिले एउटा सन्दर्भबाट कुरा थालौं । यही माघ २६ र २७ गते आयोजना गरिएको 'कान्तिपुर' कन्क्लेभकी प्रमुख वक्ता थिइन्, नोबेल पुरस्कार विजेता, इरानी लेखक तथा मानवअधिकार अभियन्ता डा. शिरिन इवादी । त्यहाँ उनले निकै शान्त र सारगर्वित मन्तव्य दिइन् । त्यो मन्तव्यको एउटा महत्त्वपूर्ण विषय थियो- प्रश्न र प्रश्न गर्ने सामर्थ्य । उनको मन्तव्यलाई आशयमा यसरी भन्न सकिन्छ, 'मानिसले सबैभन्दा पहिला सिकेको कुरा नै प्रश्न हो । यदि मानिसले प्रश्न गर्दैनथ्यो भने ऊ आजको युगमा आइपुग्ने नै थिएन ।' डा. इवादीको कुरा सुनिरहँदा मलाई लाग्यो- प्रश्न छ, त्यसैले जीवनमा गतिशीलता छ । प्रश्न छ, त्यसैले सामाजिक चेतना प्रज्वलित छ । प्रश्न छ, त्यसैले तानाशाही पराजित छ । प्रश्न छ, त्यसैले जवाफदेहिता अनिवार्य छ । प्रश्न आधुनिक मानव सभ्यताको जीवनधारा र लोकतन्त्रको आधार हो । अब प्रश्नमाथि नै प्रश्न गरौं । मान्छेका लागि प्रश्न किन आवश्यक हुन्छ ? र, हाम्रो सभ्यतामा प्रश्नको स्थान कहाँ छ ? स्पष्ट छ, हामीले निर्माण गरेको सभ्यता प्रश्नहरूबाटै प्रारम्भ भएको हो । हामीले आविष्कार गरेको विज्ञान, प्रश्नबाट जन्मियो । हामीले हासिल गरेको ज्ञान, प्रश्नबाट आर्जन भयो । मान्छेले यसकारण यो धर्तीमा उत्कृष्टता हासिल गऱ्यो कि उसँग प्रश्नहरू थिए । जो-जो मान्छे (समाज) सँग प्रश्न थिए, उनीहरू सभ्यताको उकालो चढ्दै गए, जोसँग प्रश्न थिएनन्, उनीहरू जहाँको त्यहीं रहे । मान्छेका मनमा आफ्नो अस्तित्वलाई लिएर प्रश्नहरू थिए, त्यसैले मान्छे अस्तित्वशाली हुँदै गयो । मान्छेका मनमा आफ्नो स्वतन्त्रतालाई लिएर प्रश्नहरू थिए, त्यसैले आन्दोलनहरू हुँदै गए र लोकतन्त्रको यात्रा अगाडि बढ्यो । यसरी हेर्दा दर्शन, विज्ञान, साहित्य र राजनीतिका सबै महान् यात्राहरू प्रश्नबाटै सुरु भए र प्रश्नसँगै अगाडि बढ्दै गए । अत: भन्न सकिन्छ, प्रश्नले मान्छेलाई मालिक बनाउँदै लग्यो र प्रश्न नगर्ने समाज दासत्वमा फसिरह्यो । इतिहास पल्टाएर हेर्ने हो भने हरेक राजनीतिक परिवर्तनहरू केही साहसी प्रश्नहरूको जगमा उठेका देखिन्छन् । चाहे अमेरिकाको स्वतन्त्रता संग्राम, चाहे बेलायतको गौरवमय क्रान्ति, चाहे सोभियत विद्रोह, चाहे भारतको स्वतन्त्रता संग्राम । यी सबैको जगमा थियो, मानव सर्वोच्चता र न्यायको प्रश्न । नेपालकै सन्दर्भमा पनि २००७ सालको आन्दोलन प्रश्नबाटै सुरु भएको थियो- वंशवादको अन्त्य गर्ने प्रश्न, मान्छेको सार्वभौमिकता स्थापित गर्ने प्रश्न, जहानियाँ शासनको अन्त्य र प्रजातन्त्र स्थापनाको प्रश्न । ०४६ सालको परिवर्तन होस् वा ०६३ को, यी सबै हामी नेपालीले आफ्नो सर्वोच्चताका लागि गरेका प्रश्नहरूको परिणाम थिए । यी सन्दर्भलाई राजनीतिसँग एकाकार गर्दा स्पष्ट हुन्छ, राजनीति प्रश्नहरूको संगठित अभ्यास हो । सत्तासँग गरिने संवाद । असहमति र सहमतिका बीचमा गरिने प्रश्न र उत्तरको खोज । अथवा प्रश्नहरूको विमर्श । यस अर्थमा, राजनीति कुनै स्थिर अवधारणा होइन, यो प्रश्नले निरन्तर चलायमान बनाइरहने प्रक्रिया हो । त्यसैले भन्न सकिन्छ- प्रश्न रोकिनु समय रोकिनु हो र समय रोकिनु समाजको अग्रगामी यात्रा रोकिनु हो । प्रश्न नभएको समाजमा जीवन हुँदैन । त्यस्तो समाज मुर्दा-समाज हो । कतिपय मान्छेहरू ठान्छन्, प्रश्न गर्नु विरोध गर्नु हो । कतिपयलाई लाग्छ, प्रश्न गर्नु अवरोध गर्नु हो । अझ कतिपय मान्छे ठान्छन्, प्रश्न गर्नु नकारात्मक हुनु हो । तर, राजनीतिमा प्रश्न केवल विरोधीलाई असजिलोमा पार्ने चाल होइन- यो राज्य, दल, व्यक्ति र सरकारसँग उसका नीति, विचार र व्यवहारमाथि गरिने विवेकशील जिज्ञासा हो । प्रश्नले 'के भइरहेको छ ?' मात्रै होइन, 'किन भइरहेको छ ?', 'कसका लागि भइरहेको छ ?' र 'यसको विकल्प के हुन सक्छ ?' भन्ने तहसम्म उत्तरदायित्वको खोजी गर्छ । साथै राजनीतिमा प्रश्नले सत्ता र नागरिकबीच सेतुको काम गर्छ । यसले सत्तासँग नागरिकलाई जोड्छ । सँगसँगै प्रश्नले नागरिकको हैसियत पनि बढाउँछ । किनभने जब नागरिक प्रश्न गर्छ, तब ऊ केवल शासित व्यक्ति रहँदैन, शासन प्रक्रियाको

बाँकी तेश्रो पृष्ठमा⇨

# चुनाव : विवेक परीक्षणको निर्णायक अवसर

**यादव अर्याल**

हामी बाँचिरहेको समकालीन वैश्विक समाजको सामूहिक दुखान्तका प्रमुख उत्प्रेरक हुन्- 'इलुजन ट्र्याप' र 'अल्गोरिदम पपेट' । बेलगाम सूचना प्रवाह र सम्प्रेषणको प्रदूषित विविधताले नेपाली समाजलाई वैचारिक रूपमा अवरुद्ध बनाएको धेरै समय भइसकेको छ । विगत केही दशकदेखि देश राजनीतिक थकान र आशाबीचको तीव्र अन्योलले संक्रमित छ । हिजोआज सामाजिक विवेक 'अल्गोरिदम' ले छनोट गरेका कस्मेटिक सामग्रीका घेराभित्रै सीमित छ । परिणामत: समाज आलोचनात्मक चिन्तन र फरक मतप्रतिको स्वाभाविक सहिष्णुताभन्दा पूर्वनिर्धारित धारणाको अस्वाभाविक नवीकरणतर्फ उद्यत छ । सूचना प्रशस्त छ, आवाज धेरै छन् तर व्यावहारिक दिशाबोध कमजोर छ । विवेकको संकट गहिरिँदै छ । समाजमा एकातिर निरन्तर राजनीतिक असफलताबाट उत्पन्न आजित भावना छ, अर्कोतिर परिवर्तनप्रतिको क्षीण आशा । आजित समाज र थकित सामाजिक मनोविज्ञानबाट उत्पन्न हुने कुनै पनि सामूहिक निर्णय प्राय: अधकल्चो, प्रतिक्रियात्मक र अदूरदर्शी हुने जोखिम उच्च हुन्छ । जब समाज मानसिक रूपमा थकित हुन्छ, उसले दीर्घकालीन रूपमा सोच्न सक्दैन । तत्काल राहत, सजिलो समाधान र भावनात्मक सन्तुष्टिलाई प्राथमिकता दिन थाल्छ । यस्तो अवस्थामा लोकतान्त्रिक निर्णय पनि विवेकको परिणाम होइन, थकानको प्रतिक्रिया बन्न पुग्छ । हाम्रो समाजका हरेक क्रिया-प्रतिक्रिया विषाक्त छन् । यही नै आजको नेपाली समाजले सामना गरिरहेको सबैभन्दा गम्भीर चुनौतीसँगै अनुभवजन्य संरचनागत यथार्थ हो । ७ फागुन २००७ मा नेपालमा प्रजातन्त्र आएको थियो । त्यसको ७५ वर्षपछि चालु फागुन महिनामै सम्पन्न हुन गइरहेको आमनिर्वाचन विशेष परिस्थितिजन्य सन्दर्भमा उभिएको छ । यो निर्वाचन राज्य, समाज र नागरिक चेतनाबीचको सम्बन्ध पुन: परिभाषित हुने ऐतिहासिक विन्दु उपस्थित छ । फ्रान्सेली दार्शनिक जोसेफ मेस्त्रले कुनै सन्दर्भमा भनेका थिए, 'हरेक राष्ट्रले आफ्नो क्षमताअनुसारको नेता पाउँछ । नेतृत्वको गुणस्तर अन्तत: नागरिक चेतनाको स्तरसँग अन्तरसम्बन्धित हुन्छ । यो समय नागरिक चेतनाको परीक्षा हो- हामी स्वतन्त्र नागरिकका रूपमा उभिन सक्षम छौं कि अझै राजनीतिक क्याडर, भावनात्मक बफादारिताको हिस्सामै सीमित छौं भन्ने प्रश्न यहीं ठोक्किन्छ ।

स्वतन्त्र नागरिक हुनुको राजनीतिक हैसियत कुनै जन्मसिद्ध अधिकार मात्रै होइन- यो निरन्तर अभ्यास, संयम अनुशासन र विवेकपूर्ण छनोटको परिणाम हो । जब नागरिक आफ्नो निर्णय क्षमतालाई विचारविहीन दल, गैरलोकतान्त्रिक नेतृत्व वा असंगठित भीडमा सुम्पिन्छ, तब उसले नागरिक स्वतन्त्रताको गरिमा गुमाउँछ । हामी आज नेपाली राजनीतिको परिभाषित विरोधाभास र सामूहिक उन्मादको समयमा बाँचिरहेका छौं । एकातिर लोकतन्त्रको भाषा बोलिन्छ, अधिकारको चर्चा हुन्छ, अर्कोतिर नागरिक व्यवहारमा त्रास, उत्तेजना, असहिष्णुता र अन्ध-निष्ठा मौलाउँदै छ । यो विरोधाभास केवल राजनीतिक संरचनामा होइन, हाम्रो सामाजिक मनोविज्ञानकै जडता बनेको छ । निर्वाचन र मतदानको मूल ध्येय व्यक्ति चयन होइन, विचारको छनोट हो । तर, हाम्रो आजसम्मको राजनीतिक संस्कृतिले यो आधारभूत सत्यलाई स्विकार्न सकेको छैन । हामी उम्मेदवारको नाम, अनुहार, भावनात्मक अपिल वा 'मोमेन्टरी' उत्तेजनामै निर्णय गर्छौं । तर, उसले बोकेको एजेन्डा, नीति, दृष्टिकोण र दीर्घकालीन प्रभावमाथि गम्भीर विमर्श गर्दैनौं । यही कारण लोकतन्त्र प्रक्रिया त बन्छ तर चेतना बन्न सक्दैन । हामीले मतदान गर्दा व्यक्तिलाई होइन, उसले प्रतिनिधित्व गर्ने विचारलाई केन्द्रमा राख्नुपर्छ । परिवर्तनको आधार व्यक्तित्व होइन, विचार हुन्छ । व्यक्ति परिवर्तनशील हुन्छ तर विचारले संस्थागत दिशा दिन्छ । यसका लागि यस पटकको परिस्थितिजन्य आमनिर्वाचनमा हाम्रो सामूहिक वैचारिक मतैक्यता आवश्यक छ, जसले भावनात्मक ध्रुवीकरणलाई होइन बरु विवेकपूर्ण सहमतिलाई प्राथमिकता दिन सकोस् । आज हामी अभूतपूर्व राजनीतिक अन्योल र तरलताको अवस्थामा उभिएका छौं । राज्यको वैधता, संस्थाको विश्वसनीयता र राजनीतिक प्रक्रियाप्रति नागरिकको भरोसा एकसाथ दुर्घटनाग्रस्त छ । यस्तो अवस्थामा हाम्रो विवेकपूर्ण अभिमतलाई सचेत चेतनासहित प्रयोग गरिएन भने यो संकट थप संस्थागत गर्ने माध्यम पनि बन्न सक्छ ।

सामाजिक सञ्जाल, सार्वजनिक फोरम र राजनीतिक-सामाजिक संवादहरूमा विचारभन्दा निन्दा, तर्कभन्दा आरोप र विवेकभन्दा क्षुब्धता हाबी छ । यो अभिव्यक्तिको संकट मात्रै होइन, संयमित शिल्प-कलाको क्षय हो । आज सामाजिक अश्लीलता सामान्यीकरण हुँदै गएको छ । असहमतिको भाषा सभ्य छैन, आलोचनाको शैली जिम्मेवार छैन । विचारको टकराव आवश्यक हुन्छ तर व्यक्तिमाथिको आक्रमणले समाजलाई बौद्धिक रूपमा शिथिल बनाउँछ । जब संवाद संस्कारहीन बन्छ, तब लोकतन्त्र स्वरूपहीन हुन्छ । पब्लिक इन्टेलेक्चुअल विष्णु सापकोटाले भनेका छन्, 'जुन समाजले पढ्दैन, त्यो समाजले चिन्तन गर्दैन र तर्क बुझ्दैन ।' यो भनाइ आजको नेपाली समाजमा अत्यन्त सान्दर्भिक छ । हाम्रो अधिकांश समाजले पढ्दैन । पढ्नु केवल अक्षर चिन्नु होइन, विचारसँग जुध्न जान्नु हो । नपढ्ने समाजलाई सजिलै परिचालन गर्न सकिन्छ । आजको नेपाली समाज 'डिजिटल अल्गोरिदम' द्वारा अनियन्त्रित तवरले दिग्भ्रमित छ । नेपाली बहुसंख्यक समाज बोल्छ धेरै, सोच्छ कम र बहकिन्छ बढी । वर्तमान नेपाली

बाँकी तेश्रो पृष्ठमा⇨

# अन्तर्राष्ट्रिय समाचार

## हिंसाबीच विश्वकपमा मेक्सिकोप्रति विश्वास



**काठमाडौं,१४ फागुन ।** लागूऔषध गिरोहका शक्तिशाली नेताको मृत्युपछि भड्किएको हिंसाले मेक्सिकोको सुरक्षा अवस्थाबारे अन्तर्राष्ट्रिय चासो बढिरहेका बेला विश्व फुटबलको सर्वोच्च निकायका अध्यक्षले भने आगामी विश्वकप आयोजना क्षमतामा पूर्ण भरोसा व्यक्त गरेका छन् । तीन महिनाभन्दा बढी समय बाँकी रहँदा देशले सह-आयोजकका रूपमा जिम्मेवारी सम्हाल्न सक्छ कि सक्दैन भन्ने प्रश्न उठिरहेको छ तर फिफाका अध्यक्ष जियानी इन्फ्यान्टिनो विश्वस्त देखिएका छन् । उनले कोलम्बियामा आयोजित पत्रकार सम्मेलनमा मेक्सिकोको अवस्थाबारे निगरानी गरिरहेको बताउँदै मेक्सिको, त्यहाँकी राष्ट्रपति क्लाउडिया सेनबाम र सम्बन्धित निकायहरूमाथि पूर्ण विश्वास रहेको उल्लेख गरे । उनका अनुसार विश्वकपका खेलहरू सकेसम्म सहज रूपमा सम्पन्न हुनेमा फिफा आशावादी छ । 'मेक्सिको महान् देश हो, संसारका अन्य देशमा जस्तै यहाँ पनि घटनाहरू हुन्छन् हामी चन्द्रमामा बस्दैनौं', उनले भने । व्यवस्था र सुरक्षाको प्रत्याभूति सरकार, प्रहरी र अधिकारीहरूले दिने उनको विश्वास छ ।

हालै मेक्सिकाली सेनाले 'एल मेन्चो' भनेर चिनिने नेमेसियो रुबेन ओसेगुरा सर्भान्टेसलाई कारबाहीका क्रममा मारेपछि देशका विभिन्न भागमा हिंसा फैलिएको थियो । उनी जलिस्को न्यु जेनेरेसन लागूऔषध गिरोहका प्रमुख मानिन्थे । त्यसपछिका दिनहरूमा लागूऔषध गिरोहका समूहले करिब एक दर्जन राज्यमा सवारीसाधन जलाउने, सडक अवरुद्ध गर्ने लगायतका गतिविधि गरेका थिए । अधिकारीहरूका अनुसार कम्तीमा ७० जनाको मृत्यु भएको छ । हिंसाको प्रभाव खेल क्षेत्रमा पनि परेको छ । स्थानीय लिगका चार उच्चस्तरीय खेल गत आइतबार स्थगित गरिएका थिए, जसमा मध्य सहर क्वेरेटारोमा तय गरिएको खेल पनि समावेश थियो । सोही सहरमा मैत्रीपूर्ण खेलमा मेक्सिकोले आइसल्यान्डलाई ४-० ले पराजित गरेको थियो । खेल सुरु हुनुअघि ओसेगुरालाई पक्राउ गर्ने अभियानका क्रममा ज्यान गुमाएका सैनिकहरूको सम्मानमा कोरेगिडोरा रङ्गशालामा एक मिनेट मौनधारण गरिएको थियो । कार्यक्रमअनुसार जुन ११ मा मेक्सिको सिटीमा हुने उद्घाटन खेलसहित मेक्सिकोमा १३ वटा विश्वकप खेल आयोजना हुनेछन् । जलिस्को लागूऔषध गिरोहको प्रभाव क्षेत्र मानिने ग्वाडलाजाराले चार खेल आयोजना गर्ने तालिका छ ।

कोलम्बियाले एक खेल मेक्सिको सिटीमा र अर्को ग्वाडलाजारामा खेल्ने तयारी गरेको छ । कोलम्बियाली फुटबल महासङ्घका अध्यक्ष रामोन जेसुरुनले आफ्ना प्रारम्भिक दुई खेल मेक्सिकोमा भए पनि देशले अवस्था पार गर्ने विश्वास व्यक्त गगरेका छन् । उनले यो अस्थायी समस्या मात्र भएको र छिट्टै समाधान हुने धारणा राखे । तर सबै राष्ट्रहरू समान रूपमा आश्वस्त छैनन् । पोर्चुगल फुटबल महासङ्घले मार्चमा मेक्सिकोसँग हुने मैत्रीपूर्ण खेलअघि घटनाक्रम नजिकबाट हेरिरहेको जनाएको छ । जमैकाले मार्च २६ मा ग्वाडलाजारामा इन्टरकन्टिनेन्टलप्लेअफसेमिफाइनलमा न्यु क्यालेडोनियासँग खेल्ने कार्यक्रम छ, जसको विजेताले विश्वकप स्थानका लागि कङ्गोसँग प्रतिस्पर्धा गर्नेछ । जमैकन फुटबल महासङ्घका अध्यक्ष माइकल रिकेट्सले खेलहरू महिनाको अन्त्यतिर भएकाले केही समय अझै बाँकी रहेको बताउँदै वर्तमान अवस्थाले आफूलाई चिन्तित बनाएको स्वीकार गरेका छन् । उनले कनकाकाफ र फिफाबाट आवश्यक निर्देशनको प्रतीक्षा गरिरहेको बताए । मोन्टेरीमा अर्को प्लेअफ खेल हुने कार्यक्रम छ, जहाँ बोलिभियाले सुरिनामसँग खेल्नेछ र विजेताले प्रतियोगितामा स्थानका लागि इराकसँग प्रतिस्पर्धा गर्नेछ । सोमबार राष्ट्रपति सेनबामले ग्वाडलाजारामा हुने विश्वकप खेलहरू योजनाअनुसार नै हुने र कुनै जोखिम नरहेको स्पष्ट पारेका थिए । इन्फ्यान्टिनोले फिफा मेक्सिकाली सरकारसँग नियमित सम्पर्कमा रहेको र परिस्थितिको निरन्तर अनुगमन भइरहेको बताए । उनका अनुसार आगामी विश्वकप 'अविश्वसनीय उत्सव' बन्नेछ र वर्तमान चुनौतीबीच पनि मेक्सिकोले आफ्नो दायित्व सफलतापूर्वक पूरा गर्ने विश्वास फिफासँग रहेको छ ।

## चीन-जर्मनी सम्बन्ध मजबुत बनाउने प्रयास

**काठमाडौं,१४ फागुन ।** युक्रेनमा रुसको युद्ध र व्यापारिक मतभेदका बाबजुद चीनका राष्ट्रपति सी जिनपिङ र जर्मनीका चान्सलर फ्रेडरिक मर्जले विश्वव्यापी अशान्तिको युगमा दुई देशबीचको रणनीतिक साझेदारीलाई गहिरो बनाउने प्रयास जारी राख्ने प्रतिबद्धता जनाएका छन् । बेइजिङमा भएको भेटमा सीले भने, 'संसार जति जटिल र अशान्त हुन्छ, त्यति नै चीन र जर्मनीले आपसी विश्वास र रणनीतिक सञ्चार बलियो बनाउनुपर्छ ।' मर्जले जवाफमा दुई देशबीच मतभेद भए तापनि साझा उद्देश्यमा जोड दिन र संयुक्त चुनौतीको सामना गर्न दुवैले आवश्यक रहेको दाबी गरे । सी-मर्ज वार्ता मुख्यतया युक्रेन युद्ध, व्यापार घाटा र वैश्विक अर्थतन्त्रका चुनौतीहरूमा केन्द्रित रह्यो । जर्मनीको चीन व्यापार घाटा गत वर्ष बढेको छ, जहाँ निर्यात ९.७ प्रतिशतले घटेर ८१ अर्ब ३० करोड युरो पुगेको छ भने आयात ८.८ प्रतिशतले बढेर एक खर्ब ७० अर्ब ६० करोड युरो पुगेको छ । मर्जले चिनियाँ साझेदारसँग एयरबस विमान अर्डरजस्ता सम्झौताले व्यापारिक सम्भावनालाई बढाउन मद्दत गर्ने आशा व्यक्त गरे । चिनियाँ नेता सीले पनि युरोप र जर्मनीसँग 'समान सहभागिता' र सबै पक्षका वैध चिन्तालाई सम्बोधन गर्ने आवश्यकता औंल्याए । उनीहरूले द्वन्द्व समाधान र सुरक्षा, आर्थिक सहयोगका क्षेत्रमा आपसी समझदारी बढाउने प्रयासलाई प्राथमिकता दिने बताए । मर्जको दुई दिने भ्रमणले उनलाई हाङ्झाउमा ह्युमनोइड रोबोट उत्पादन गर्ने प्रमुख कम्पनीको भ्रमणमा पनि लैजाने कार्यक्रम छ, जसले चीनको प्राविधिक क्षमताको अवलोकन गर्न सहयोग गर्नेछ । यो भ्रमण वासिङ्टन भ्रमणअघि भएकाले युरोप-चीन सम्बन्ध र अन्तर्राष्ट्रिय व्यापारको सन्दर्भमा रणनीतिक महत्त्व राख्दछ ।

## इरानका उच्च कूटनीतिज्ञ अमेरिकासँगको वार्ताका लागि जेनेभा प्रस्थान

**काठमाडौं,१४ फागुन ।** इरानका विदेशमन्त्री अब्बास अराघची र उनको वार्ता टोली बुधबार तेहरानबाट जेनेभाका लागि प्रस्थान गरेको सरकारी टेलिभिजनले जनाएको छ । वासिङ्टन र तेहरानले इरानको आणविक कार्यक्रमबारे सहमति जुटाउने उद्देश्यका साथ ओमानको मध्यस्थतामा दुई चरणको वार्ता गरिसकेका छन् ।

अमेरिकाले इरानले युरेनियम प्रशोधन शून्यमा झार्न पटक-पटक आह्वान गर्दै आएको छ, यसका साथै, इरानको ब्यालेस्टिक क्षेप्यास्त्र कार्यक्रमलाई सम्बोधन गर्न र उक्त क्षेत्रमा रहेका लडाकू समूहलाई समर्थन गर्न पनि माग गर्दै आएको छ ।

अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पले इरानलाई परमाणु हतियार निर्माण गर्न नदिने बताएका छन् । इरानले बारम्बार आणविक हतियार आफ्नो रोजाइ नभएको बताउँदै आएको छ तर शान्तिपूर्ण उद्देश्यका लागि आणविक प्रविधि प्रयोग गर्ने अधिकार आफूसँग रहेको पनि बताउँदै आएको छ । सम्झौताका लागि इरानमाथि दबाब दिँदै आएका अमेरिकी राष्ट्रपति ट्रम्पले मध्यपूर्वमा महत्वपूर्ण जलसेना परिचालन गरेका छन् । इरानले हालैका दिनहरूमा देशको दक्षिणी क्षेत्र र खाडीमा रणनीतिक रूपमा महत्वपूर्ण 'स्ट्रेट अफ हर्मुज' नजिकै धेरै चरणको सैन्य अभ्यास गरेको छ ।

## के तपाईंले नेताहरू..........

हिस्सेदार बन्न पुग्छ । अर्थात्, प्रश्नले नागरिकलाई राजनीतिक प्रक्रियाको जिम्मेवार सदस्य बनाउँछ । यसर्थ नै भन्न सकिन्छ- प्रश्नहरू छन्, त्यसैले मान्छे उत्तरको खोजी गर्छ । प्रश्नहरू छन्, त्यसैले नेता उत्तरका लागि जिम्मेवार रहन्छ । अतः प्रश्न नागरिकको फगत जिज्ञासा मात्र होइन, यो उसको तागत पनि हो । प्रश्न आउँछ- किन प्रश्नसँग डराउँछ सत्ता ? यहाँ सत्ता भनेको दल पनि हो र सरकार पनि । किन प्रश्नसँग डराउँछ नेता ? अथवा, किन प्रश्नसँग डराउँछ हाम्रो राजनीति ? यो पद, अहंकार र शक्ति अभ्याससँग जोडिएको विषय हो । भ्रमबस नै सही, जो आफूलाई ज्ञान-सत्ताको स्वामी ठान्छ ऊ अरूले उसको ज्ञानमाथि सोधेको प्रश्नसँग डराउँछ । भ्रमबस नै सही, जो आफूलाई मान्छेको सार्वभौमिकताको स्वामी ठान्छ उसलाई आम मान्छेले प्रश्न गर्‍यो भने डर लाग्छ । यो शक्ति खोसिने त्रास हो, रजगज खोसिने त्रास हो, भ्रमको पर्दा च्यातिने त्रास हो । अर्थात् सत्ता प्रश्नसँग यसकारण डराउँछ, किनकि प्रश्नले उसलाई पारदर्शी (नग्न) बनाउँछ ।साभार ईकान्तिपुर ।

## चुनाव : विवेक................

समाजको ठूलो हिस्सा तर्कभन्दा 'अट्रिसन' मा अभ्यस्त छ । तथ्यभन्दा अफवाह, विश्लेषणभन्दा भावनात्मक विचलन प्रभावकारी बनेको छ । यस्तो अवस्थामा निर्वाचन विचारको उत्सव नभई भावनाको युद्ध बन्ने जोखिम छ । यसै पनि यो अवस्था आकस्मिक होइन, लामो समयदेखि हामीले बेवास्ता गर्दै आएको सामाजिक-राजनीतिक दुर्व्यसनको परिणाम हो । यदि यो प्रवृत्तिलाई सच्याउन सकिएन भने लोकतन्त्र केवल प्रक्रियामा सीमित रहनेछ, चेतनामा रूपान्तरण हुने छैन ।चुनाव भइरहनेछ, सरकार बदलिँदै जानेछन् । तर, नागरिक चेतनाको आयाम उस्तै रहनेछ ।

यस्तो लोकतन्त्रले न न्याय दिन सक्छ, न समावेशिता, न दीर्घकालीन स्थायित्व ।

फागुन-२१ त्यसैले एक मिति मात्रै होइन, चेतनाको परीक्षा हो । प्रश्न यो होइन कि को जित्छ, प्रश्न यो हो हामी कस्ता नागरिकका रूपमा उभिन्छौं ? 'एक्सट्रिम' भावनाले निर्देशित जत्थाका रूपमा कि विवेकले निर्देशित स्वतन्त्र नागरिकका रूपमा ? अन्ततः यस निर्वाचनमा हामीले परिस्थितिको वस्तुनिष्ठ विश्लेषणसहित राजनीतिक चेतनाको दीर्घायु प्रयोग गर्ने छौं । कोरा राजनीतिक वाणीले भ्रमित हुने छैनौं । आत्मचिन्तन र तार्किक जिज्ञासाले प्रेरित हुने छौं । हामी भदौ २३ सम्झिने छौं र भदौ २४ लाई किञ्चित् नजरअन्दाज गर्ने छैनौं । त्योसँगै लोकतन्त्रको सुन्दर मुकाम भनिने मतदानस्थलबाट सानदार 'मत-विद्रोह' गर्ने छौं । र, फागुन २१ पछि हरेक 'आमनेपाली नागरिक' ले जित्ने छन् र देशले जित्ने छ । राष्ट्रिय स्वार्थले जित्ने छ । समयको बहावले जित्ने छ । यो अवसरलाई गम्भीर आत्ममूल्यांकनको क्षण बनायौं भने यही निर्वाचनबाट हामी आफैंले नयाँ राजनीतिक संस्कृतिको बीजारोपण गर्ने छौं ।

तर, यदि यसलाई पनि अघिल्ला चुनावझैं भावनात्मक उत्सवमै सीमित राख्यौं भने हामी स्वयं स्टाटस क्वोइज्म (यथास्थितिवाद) को निरन्तरताका जिम्मेवार हुनेछौं । यो असाधारण अवसर गुमाउनु राष्ट्रको भविष्यसँग गरिएको गम्भीर धोकाधडी ठहर्ने छ । साभार ईकान्तिपुर ।

## गण्डक नहर..............

बारामा ९,००० र बाँकी क्षेत्र रौतहटमा पर्दछ । नवलपरासीको त्रिवेणी भैंसालोट स्थित नेपाल-भारत सीमामा निर्मित व्यारेजबाट भारतीय पक्षले नहरमा पानी छोड्ने गर्दछ । भारतभित्र करिब ९३ किलोमिटर यात्रा गरेपछि नहर पर्साको जगर्नाथपुर गाउँपालिकाबाट नेपाल प्रवेश गर्छ र रौतहटस्थित बागमती नदीमा मिसिएपछि समाप्त हुन्छ । यसरी सम्पन्न सरसफाइ र मर्मत कार्यले यस वर्ष गहुँ सिजनमा सिंचाइ सुविधा सहज हुने र किसानलाई पर्याप्त पानी उपलब्ध हुने अपेक्षा गरिएको छ ।

**नेपाल पोष्ट डेली**
**ई -पेपरका**
**लागि स्क्यान गर्नुहोस्**

# स्वास्थ्य

## मोटोपनको कुरामा किन महिलाहरू बढी चिन्तित हुन्छन् ?



मोटोपन एक स्वास्थ्य समस्या मात्र होइन, यो सामाजिक, सांस्कृतिक र मनोवैज्ञानिक दृष्टिकोणबाट पनि गहन प्रभाव पार्ने मुद्दा हो । विशेष गरी मोटोपनले पुरुषहरूको तुलनामा महिलाहरूमा बढी तनाव निम्त्याउछ । यसको कारण महिलाको शारीरिक सुन्दरताको मापदण्डलाई पातलो र आकर्षक शरीरसँग जोड्ने सामाजिक अपेक्षा हो । मोटोपनले महिलाहरूलाई बढी तनाव दिनुका पछाडि सामाजिक अपेक्षा, मानसिक स्वास्थ्य प्रभाव, लैङ्गिक भेदभाव, स्वास्थ्य जोखिम, शारीरिक असुविधा र हर्मोनल असन्तुलन जस्ता बहुआयामिक कारणहरू छन् ।

**सामाजिक र सांस्कृतिक दबाब**

समाज र संस्कृतिमा महिलाको शारीरिक सुन्दरताको मापदण्ड प्रायः पातलो र आकर्षक शरीरसँग जोडिएको हुन्छ । मिडिया, विज्ञापन र सामाजिक सञ्जालले यस्ता सौन्दर्य मापदण्डलाई प्रोत्साहन गर्छन्, जसले मोटोपन भएका महिलालाई आफ्नो शरीरप्रति असन्तुष्टि हुने र तनाव उत्पन्न गराउँछ । पुरुषको तुलनामा महिलाहरूलाई यो दबाब बढी सहनुपर्छ । एक मेटा-एनालिसिसले पनि यो देखाएको छ- मोटोपन भएका व्यक्तिहरू आफ्नो शरीरप्रति बढी असन्तुष्ट हुन्छन्, र यो असन्तुष्टि महिलामा बढी प्रचलित हुन्छ किनकि सामाजिक अपेक्षाहरूले महिलालाई शारीरिक रूपमा 'सुन्दर' हुनुपर्ने दबाब दिन्छ । यसबाहेक, मिडियाले प्रचारित अवास्तविक छविले महिलाहरूमा शरीरको छविसँग सम्बन्धित तनाव बढाउँछ, जसले मानसिक स्वास्थ्यलाई प्रभावित गर्छ । सामाजिक सञ्जालमा देखाइने आदर्श शरीरका छविहरूले महिलाहरूलाई निरन्तर तुलना गर्न बाध्य बनाउँछन् । विशेष गरी सुत्केरीपछि छिट्टै तौल घटाउने ट्रेन्डले थप दबाब सिर्जना गर्छ । यसले महिलाहरूलाई आफूलाई अपर्याप्त ठान्न बाध्य बनाउने मनोविद् गृष्मा पनेरू बताउँछिन् । **आत्मसम्मान र मानसिक स्वास्थ्य** मोटोपन भएका महिलाहरू प्रायः आफ्नो शारीरिक बनावटप्रति हीनताबोध गर्छन्, जसले आत्मविश्वास कम गर्ने पनेरू बताउँछिन् । 'यो अवस्थाले डिप्रेसन, चिन्ता र तनाव जस्ता मानसिक स्वास्थ्य समस्याहरूलाई बढावा दिन्छ' पनेरू भन्छिन्, 'सामाजिक भेदभाव वा आलोचनाले यो तनावलाई झन् बढाउँछ ।' तनावलाई सामना गर्नका लागि महिलाहरूले उच्च क्यालोरीयुक्त खाना खाने वा व्यायाम नगर्ने गर्दा यसले मोटोपन र तनावको चक्रलाई थप बढाउने अनुसन्धानहरूले देखाएको उनको भनाइ छ । यसबाहेक, महिलाहरूमा मोटोपनले मानसिक स्वास्थ्य समस्याहरू जस्तै डिप्रेसनको जोखिम बढाउँछ, जसमा लिङ्गमा आधारित तनाव प्रतिक्रिया प्रमुख हुन्छ, र यो पुरुषहरूमा कम देखिन्छ ।' मोटोपनले महिलामाथि पर्ने मानसिक दबाब केवल शरीरको कारणले मात्र होइन, समाजले महिलाको शरीरलाई हेर्ने दृष्टिकोण, टिप्पणी र अपेक्षाहरूका कारण भएको उनले बताइन् । पनेरूका अनुसार महिलामा मोटोपनको समस्या देखिने र शारीरिक बनावटमा परिवर्तन हुने मुख्य तीन वटा कारण हुन्छ ।

निर्धारित मापदण्दको पाल्ना गरौं, नक्सा पास गरी निमार्ण कार्य गरौं ।

परवानीपुर गाँउपालिकाको कार्यालय,परवानीपुर, बारा

सडक किनारमा गाई,वस्तुको साथै घर पालुवा जानवर नबाधौं,नाद,खुटा आदी नराखौं ।

**करैयामाई गाउँपालिकाकोकार्यालय करैया, बारा**

शौचालय निमार्ण गरी गाँउलाई खुल्ला दिशा मुक्त बनाऔं ।

विन्दवासिनी गाँउपालिकाको कार्यालय, विन्दवासिनी, पर्सा

# पर्सा-४ मा कांग्रेस उम्मेदवार रिजालद्वारा जगरनाथपुरमा घरदैलो सम्पन्न



**बीरगन्ज, १४ फागुन ।** नेपाली कांग्रेस पर्सा निर्वाचन क्षेत्र नं. ४ का प्रतिनिधिसभा सदस्य उम्मेदवार रमेश रिजालले जगरनाथपुर गाउँपालिका वडा नं. २ लम्मीपुरमा बिहीबार घरदैलो तथा जनता दर्शन कार्यक्रम सम्पन्न गरेका छन् । चुनावी अभियानलाई तीव्रता दिँदै उम्मेदवार रिजाल मतदाताको घरदैलोमै पुगेर प्रत्यक्ष भेटघाट तथा संवादमा सहभागी भएका थिए । कार्यक्रमका क्रममा उनले स्थानीय बासिन्दासँग विकास निर्माणका योजना, पूर्वाधार विस्तार, शिक्षा, स्वास्थ्य तथा रोजगारीका विषयमा विस्तृत छलफल गरेका थिए । मतदातासँग संवाद गर्दै रिजालले आफूले विगतमा सम्पन्न गरेका विकासे कामहरूको विवरण प्रस्तुत गरेका थिए । साथै, अधुरा र बाँकी रहेका योजनाहरूलाई निर्वाचन जित्नासाथ प्राथमिकताका साथ अगाडि बढाउने प्रतिबद्धता व्यक्त गरे । स्थानीयले क्षेत्रको समग्र विकास, सडक स्तरोन्नति, सिंचाइ सुविधा, खानेपानी र युवाका लागि रोजगारी सिर्जनामा विशेष ध्यान दिन आग्रह गरेका थिए । उम्मेदवार रिजालले जनताको सुझावलाई आफ्नो प्राथमिक कार्यसूचीमा समावेश गर्ने विश्वास दिलाए । घरदैलो कार्यक्रममा पर्सा निर्वाचन क्षेत्र नं. ४ का क्षेत्रीय नेता, स्थानीय अगुवा, पार्टीका कार्यकर्ता तथा समर्थकहरूको उल्लेखनीय सहभागिता रहेको थियो । कार्यक्रममा देखिएको जनसहभागिताले कांग्रेसप्रति क्षेत्रको समर्थन मजबुत बन्दै गएको स्थानीय नेताहरूले बताएका छन् । रिजाल यसअघि पनि सोही क्षेत्रबाट निर्वाचित भइसकेका नेता हुन् । सालीन र असल व्यक्तित्वका रूपमा परिचित उनी पर्सामा प्रभावशाली नेताका रूपमा चिनिन्छन् । राष्ट्रिय राजनीतिमा समेत प्रभाव पार्न सक्ने नेताका रूपमा उनको पहिचान रहेको राजनीतिक वृत्तमा चर्चा हुने गरेको छ ।

# बहुदरमाई-२ मा जसपा उम्मेदवार अशोक टेमानीको घरदैलो



**बीरगन्ज, १४ फागुन ।** पर्सा निर्वाचन क्षेत्र नं. २ का प्रतिनिधिसभा सदस्य पदका उम्मेदवार अशोक टेमानीले घरदैलो अभियानलाई तीव्रता दिँदै बहुदरमाई नगरपालिका वडा नं. २ का विभिन्न बस्तीमा पुगेर स्थानीयसँग प्रत्यक्ष संवाद गरेका छन् । जनता समाजवादी पार्टी (जसपा) का तर्फबाट प्रतिस्पर्धामा रहेका टेमानीले जनताको आवश्यकता, सुझाव र अपेक्षाबारे जानकारी लिएका हुन् ।अन्तरक्रियाका क्रममा स्थानीयले खानेपानी अभाव, कमजोर शैक्षिक पूर्वाधार, स्वास्थ्य सेवाको सीमित पहुँच तथा कृषिमा देखिएका समस्या प्रमुख रूपमा उठाएका थिए । विशेषगरी शुद्ध पिउने पानीको अभावका कारण दैनिक जीवन प्रभावित भएको गुनासो गरिएको थियो । जनताका कुरा सुनेपछि टेमानीले आधार भूत सुविधा विस्तार, शिक्षा र स्वास्थ्य क्षेत्र सुदृढीकरण तथा कृषिको आधुनिकीकरण आफ्नो प्राथमिकतामा रहने बताएका छन् । उनले युवाका लागि रोजगारी सिर्जना, सीप विकास र स्वरोजगार प्रवर्द्धनमा विशेष पहल गर्ने प्रतिबद्धता व्यक्त गरे ।"जनताको विश्वास जितेपछि यहाँका समस्या समाधानका लागि योजनाबद्ध रूपमा पहल गर्नेछु," टेमानीले भने । सहभागिता रहेको थियो । जनतासँगको प्रत्यक्ष संवादले विकासप्रतिको आशा बढाएको सहभागीहरूको भनाइ छ ।

# रास्वपा हिंसामा विश्वास गर्दैन: रवि लामिछाने

**काठमाडौ,१४ फागुन ।** राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले बिहीबार गोरखाको सदरमुकाममा आयोजित सभामा आफ्नो पार्टीले हिंसामा विश्वास नगर्ने स्पष्ट पारेका छन् । सभामा उनले भने, "संरचना जलेकोमा हामी गौरव गरेका छैनौँ । हिंसालाई रास्वपाले कहिल्यै समर्थन गर्दैन ।" लामिछानेले धर्म र भूगोलको नाममा राजनीति नगर्ने आफ्नो पार्टीको सिद्धान्त पनि प्रस्ट पारे । उनले जेनजी आन्दोलनका क्रममा पहिले गोली चलेको र पछि संरचनाहरू जलेको घटनाको उदाहरण दिँदै, धर्मको नाममा द्वन्द्वको बीउ रोपिँदा त्यसको परिणाम कस्तो हुन्छ भन्ने चेतावनी दिएका छन् । उनले विश्वभरका धार्मिक युद्ध मच्चिरहेका देशका उदाहरण हेर्न आग्रह गरे । "हरेक जात, धर्म र संप्रदायमा विश्वास गर्ने व्यक्तिलाई हामी समान सम्मान गर्छौं," उनले बताए । साथै, लामिछानेले आगामी चुनावलाई महाभारतसँग तुलना गर्दै मतदातालाई कौरव र पाण्डव छुट्याएर हेर्न आग्रह गरे । उनले आफूलाई प्रधानमन्त्री बन्ने अफर आए पनि त्यसलाई अस्वीकार गरेको जानकारी दिए । दृष्टिकोण चुनावी प्रचारका क्रममा पुनः पुष्टी गरेका छन् ।

# पर्सा-२ का रास्वपा उम्मेदवार कानुलाई आफनै वडामा स्वागत



**बीरगन्ज,१४ फागुन ।** राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का तर्फबाट पर्सा निर्वाचन क्षेत्र नम्बर २ का उम्मेदवार सुशील कुमार कानुलाई आफ्नै वडामा मतदाताले स्वागत र समर्थन जनाएका छन् । बिहीबार चुनावी घरदैलो अभियानअन्तर्गत बीरगन्जमहानगरपालिका-१० का विभिन्न टोलमा पुगेका कानुलाई स्थानीयबासीले स्वागत गरेका हुन् । उनले आदर्शनगर, अशोकवाटिका र घडिअर्वा क्षेत्रमा मतदातासँग भेटघाट गरेका थिए । घरदैलोका क्रममा कानुले बीरगन्जलाई कुशासनमुक्त बनाउँदै व्यवसायमैत्री वातावरण निर्माण गर्ने प्रतिबद्धता व्यक्त गरे । विगत चार दशकदेखि चल्दै आएको राजनीतिक अभ्यासले जनताको जीवनस्तरमा अपेक्षित सुधार ल्याउन नसकेको उल्लेख गर्दै उनले अब नयाँ राजनीतिक संस्कार र सुशासन आवश्यक रहेको बताए । पर्सा देशकै महत्त्वपूर्ण औद्योगिक तथा व्यापारिक जिल्ला भए पनि निर्वाचित प्रतिनिधिको बेवास्ताका कारण विकासमा पछि परेको उनको भनाइ थियो । क्षेत्रको सडक, पूर्वाधार र व्यापार-व्यवसायको अवस्था सुधारका लागि सङ्घीय, प्रदेश र स्थानीय तहबीच प्रभावकारी समन्वय गरी योजनाबद्ध विकास अघि बढाउने उनले प्रतिबद्धता जनाए । औद्योगिक सम्भावनालाई प्राथमिकतामा राख्दै ठूला विकास आयोजना सञ्चालन गर्ने आफ्नो योजना रहेको उनले बताए ।

# सर्लाही-४ का सबै ८१ मतदानस्थल अति संवेदनशील सूचीमा राखिए




**सर्लाही,१४ फागुन ।** फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि सर्लाही जिल्लामा सुरक्षा उच्च सतर्कतामा राखिएको छ । जिल्लाभर ३१२ मतदानस्थलमध्ये १५८ मतदानस्थललाई अति संवेदनशील र १३१ लाई संवेदनशीलको सूचीमा राखिएको छ । विशेषगरी, सर्लाही क्षेत्र नम्बर ४ मा रहेका सबै ८१ मतदानस्थल अति संवेदनशील सूचीमा परेका छन् । क्षेत्र नम्बर ४ का बलरा, गडैता नगरपालिका र विष्णुपुर तथा रामनगर गाउँपालिका भारतसँग जोडिएको खुला सीमासँग सम्पर्कमा छन् । तर केवल सीमासँग जोडिएको कारण मात्र होइन, विगतका निर्वाचनमा मतगणना र मतदानका क्रममा उत्पन्न तनाव, झडप र हिंसाका घटनाहरूको इतिहासले यस क्षेत्रलाई अति संवेदनशील बनाएको सुरक्षा निकायले जनाएको छ । सन् २०६४ को संविधान सभा निर्वाचनमा तत्कालीन क्षेत्र नम्बर ६ मा मतदान केन्द्र कब्जा गर्ने प्रयास, गढैया मतदान केन्द्रबाहिर बम विस्फोट, रास्वपाका उम्मेदवार अमरेशकुमार सिंहका दाजु शम्भु सिंहको मृत्यु, साथै २०७४ र २०७९ का निर्वाचनमा मतगणनाका क्रममा झडप र घाइते हुने घटना भएका थिए । यसै कारण उम्मेदवार र मतदातामा अझै भय कायम छ । सुरक्षा चुनौतीका रूपमा उम्मेदवार र समर्थकबीचको टकराव, बुथ कब्जा प्रयास, अवैध हातहतियारको प्रयोग, र आपराधिक पृष्ठभूमि भएका समूहको सक्रियता उल्लेखनीय छन् । यसैगरी यहाँका हेभिवेट उम्मेदवारहरू - नेपाली कांग्रेसका सभापति गगन थापा, स्वतन्त्र उम्मेदवार अमरेशकुमार सिंह र तत्कालीन मधेसी जनअधिकार फोरमका शिवपुजन यादव (हाल छोरा अमनिशकुमार मार्फत नेकपा एमालेबाट प्रतिस्पर्धा) - बीचको प्रतिस्पर्धाले पनि सुरक्षा चुनौती थपेको छ । सुरक्षा निकायले मतदान तथा मतगणना दिनका लागि गस्ती, निगरानी र आकस्मिक सुरक्षा टोली तयारी अवस्थामा राखेको छ । नेपाली सेनाका टोलीले समेत नियमित पेट्रोलिङ गर्दै क्षेत्रको सुरक्षा सुनिश्चित गरिरहेको छ ।सर्लाही-४ मा अति संवेदनशील सुरक्षा व्यवस्थाको प्रभावले मतदातालाई सुरक्षित वातावरणमा मतदान गर्न सक्ने अपेक्षा गरिएको छ ।



कालिकामाई गाँउपालिकाको कार्यालय, पर्सा

निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।
जिराभवानी गाँउपालिकाको कार्यालय,जिराभवानी ,पर्सा

दैवी प्रकोपबाट बच्न सतर्कता अपनाऔं ।
सखुवाप्रसौनी गाँउपालिकाको कार्यालय, सखुवाप्रसौन, पर्सा

घरबाट निस्केको फोहोर डस्बिनमा हालौं, सभ्यताको परिचय दिऔं ।
छिपहरमाई गाउँपालिकाको कार्यालय,भिस्वा, पर्सा

पर्यटकिय स्थलको संरक्षण र प्रचार-प्रसार गरौं,नगरको विकासमा जुटौं ।
ठोरी गाँउपालिकाको कार्यालय, ठोरी, पर्सा

शौचालय निमार्ण गरी गाँउलाई खुल्ला दिशा मुक्त बनाऔं ।
विन्दवासिनी गाँउपालिकाको कार्यालय, विन्दवासिनी, पर्सा

निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।
जिराभवानी गाँउपालिकाको कार्यालय,जिराभवानी ,पर्सा